# सुर्नया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रौलेश्वर बैतडी

**बोलपत्रको आह्वानको सूचना**

कार्यालयमा प्रकाहित मिति : २०७८।०२।२५

यस सुर्नाया गाउँपालिकामा चालु आ.व. २०७७/०७८ मा प्राप्त रकमबाट स्यानिटरि प्याड प्याकेट र सडक सोलार बत्ति खरिद कार्य गर्न ईछुक नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट यस गाउँपालिका भित्र कार्य संचालन गर्न सूचना प्रकाशित भए बमोजिम १५ दिनको समयसीमा भित्र तोकिएका सर्तहरु पूरा गरी रीतपूर्वक खरिद गर्न सकिने सुचना सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ।

१) वोलपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र प्रति वोलपत्र रु.१,०००।-(एक हजार) फिर्ता नहुने गरी तिरी नागरिकताको प्रमाण पत्र, आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र, नविकरण गरिएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र कागजातहरु **नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी** निवेदन साथ संलग्न राखी यस कार्यालयको खरीद ईकाईबाट खरिद गर्न सकिनेछ। बोलपत्र दस्तुर बैकं भौचर यस कार्यालयको नाममा नेपाल ईन्भेष्टमेन्ट बैकं सतबाँज शाखामा रहेको खाता नं. ०६५०१४००२५००१६ लगाउन सकिनेछ। र जम्मा भएको सक्कलै भौचर पेश गरी बोलपत्र खरिद गर्न सकिनेछ।

२) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा कागजात बोलपत्र साथ पेश गर्नुपर्ने छ।

३) खरिद भएका बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप सहित सिलबन्दी लाहाछाप गरेर पेश गर्नु पर्ने छ। दर्ता भएका बोलपत्र यस कार्यालयमा सोही दिन दिनको २:०० बजे कार्यलयका प्रतिनिधी र बोलपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा हुने छैन।

४) बोलपत्रसाथ धरौटी वापत देहायमा उल्लेख भए अनुसारको रकम यस कार्यालयको नाममा नेपाल ईन्भेष्टमेन्ट बैकं सतबाँज शाखामा रहेको खाता नं. ०६५०१०४०२५०३५२ मा जम्मा गर्न सकिनेछ। जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने मितिले ९० दिन मान्य अवधि भएको राष्ट बैकबाट मान्यता प्राप्त बैकबाट जारि भएको बोलपत्र जमानत (Bid Guarantee) पेश गर्नु पर्नेछ।

५) बोलपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारबाही हुने छैन।

६) एक व्यक्ति वा फर्मको नाममा खरिद भएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

७) बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षर उल्लेख गर्नु पर्नेछ। अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

८) बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने, वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०) बोलपत्र स्विकृत लागत अनुमान र प्रस्ताबित बजेट अनुसार आव्हान गरेतापनि भुक्तानी दिदा चालु आ.व. मा स्विकृत बजेट अनुसार भुक्तानी गरिने छ, भुक्तानी हुन बाकी रहेमा आगामी आ व मा भुक्तानी हुनेछैन।

११) बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१२) कुनै कारणवाट ठेक्का रद्द भएमा वोलपत्रदाताले कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाउने छैन।

१३) बोलपत्र सम्बन्धी यस सुचनामा नपरेका अन्य कार्यविधीहरु, सार्वजनिक खरिद ऐन, २०६३ ( संशोधन सहित ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ ( संशोधन सहित ) बमोजिम हुनेछ। बोलपत्र सम्बन्धि अन्य व्यवस्थाहरु बोलपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तमा उल्लेख भए बमोजिम हुनेछ।

१४) यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ। कामको विवरण निम्नअनुसारको छ।

१५) स्यानिटरी प्याड कार्यालय सम्म ढुवानि गरि कार्यालयवाट सम्बन्धित विद्यालय सम्म ढुवानि गर्ने खर्च समेत यसै रकम भित्र सामावेश गरिएको छ।

१६) सडक सोलार बत्तिहरु तोकिएको ठाउँ सम्म गई जडान गर्ने खर्च यसै रकम भित्र सामावेश गरिएको छ।

**कार्य विवरण :**

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान रकम (मु.अ.कर सहित) | वोलपत्र दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | SRM/19/2077/078 | २५,००० स्यानिटरि प्याड प्याकेट खरिद कार्य | १५,१७,०००।०० | १०००।०० | ४५५१०।०० |
| २ | SRM/20/2077/078 | १० ओटा सडक सोलार बत्ति खरिद कार्या | १२,००,०००।०० | १०००।०० | ३६,०००।०० |

(कमलापति भट्ट)